आज मिति २०७८।०४।२८ गते दिनको २:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहयो ।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री कमला चौधरी | का.वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री अल्गु ढाढी | का.वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री संदिप कुमार पाण्डेय | का.वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | Ram |
| १४ | श्री सरस्वती कवँर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १५ | श्री बिमलादेवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १७ | श्री राम मनोरथ लोहार | दलित सदस्य | बुद्धभूमी न.पा. ६ | |
| १८ | श्री रामदेव पासी | दलित सदस्य | बुद्धभूमी न.पा. २ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित सदस्य | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री अनिल पौडेल | सदस्य सचिव | बुद्धभूमी न.पा. | |

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जितपुर, बुढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## मिति:२०७८।०४।२८ गतेको बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:

**प्रस्ताव नं १: आ. व. २०७७/०७८ को नगरस्तरीय वार्षिक समीक्षा बैठक सम्बन्धमा।**

**निर्णय नं १ :** वार्षिक समीक्षालाई संस्थागत गर्न, कमी कमजोरी र सबल पक्षहरूको संश्लेषण/विश्लेषण/सुधार गर्न यसै आ. व. देखी सबै वडाहरूमा समीक्षा गरी आएका सुझाव सहित नगरस्तरीय समीक्षा गर्ने परिपाटी प्रयोजनका लागि देहायको मिति , समयमा वडा तथा नगर स्तरीय समीक्षा नगरपालिकाका जनप्रतिनिधि/कर्मचारीको उपस्थिति सहित गर्ने।

क)वडा नं १ देखी ५ नं वडा सम्मको मिति २०७८।०५।०१ गते ११:३० बजे देखि २:०० बजे सम्म।

ख) वडा नं ६ देखि १० नं वडा सम्मको मिति २०७८।०५।०२ गते ११:३० बजे देखि २:०० बजे सम्म।

ग) नगर स्तरीय समीक्षा (वडागत/शाखा/उपशाखा/ईकाई/कार्यगत रुपमा मिति २०७८।०५।१० र ११ गते गर्ने।

**प्रस्ताव नं २:साप्ताहिक आँखा उपचार क्लिनिक व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं २:** नगरपालिकाको आर्थिक स्रोतको लगानी तथा व्यवस्थापनमा छन्द (काले बाबु) नारायणी आँखा अस्पताल सँग प्रस्तावित कार्य योजनाका आधारमा वार्षिक सम्झौता गरी साप्ताहिक आँखा शिविर नगरपालिका परिसरमा रहेको बुड्ढी स्वास्थ्य चौकी बाट साप्ताहिक रुपमा आँखा अस्पतालको प्राविधिक तथा जनशक्ति व्यवस्थापन गर्ने गरी संचालन गर्ने व्यवस्था मिलाउने।

**प्रस्ताव नं ३: कोभिड व्यवस्थापन तथा कोभिडको कारण मृत्यु भएकालाई सहयोग सम्बन्धमा।**

**निर्णय नं ३ :** कोभिडको कारणले मृत्यु भएका यस नगरका नगरवासीहरूलाई नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय समेतका आधारमा असार अघि मृत्यु भई नगरबाट सहयोग लिन बाकी तथा थप हुने समेतलाई पूर्व निर्णय तथा आधार समेतका आधारमा काजकिरिया तथा अन्य प्रबन्धका लागि सहयोगको निरन्तरता दिने।

**प्रस्ताव नं ४: कर्मचारी स्तरवृद्धि सम्बन्धमा।**

**निर्णय नं ४:** कर्मचारीको नैसर्गिक अधिकारलाई सम्मान गर्दै आवश्यक योग्यता अवधि लगायत मापदण्ड पुरा भएका कर्मचारीको स्तरवृद्धि प्रयोजनका लागि विधेयक समितिले कानुनको मस्यौदा तयार गरी विधायीकी प्रक्रिया पुरा गरी शीघ्र स्तरवृद्धिका लागि आवश्यक कार्य गर्ने।

**प्रस्ताव नं ५: ओ.जे.टी. मा पठाउने शैक्षिक संस्थाहरूसँग वार्षिक सेवा शुल्क लिने सम्बन्धमा।**
**(अ.न.मी, अ.हे.व, कृषि, पशु, नापी लगायतका विषयहरूमा)**

**निर्णय नं ५:** निजी स्तरका प्राविधिक कलेज /Institute बाट डिप्लोमा /स्नातक अध्ययन पश्चात् कार्य दक्षता अभिवृद्धिका लागि OJT प्रयोजनमा यस पालिका भित्रका स्वास्थ्य संस्था/कार्यालय/शाखा/उपशाखामा Office Attachment मा आउनेहरुको हकमा नगरपालिकाबाट सम्बन्धित संस्थाले अनिवार्य रुपमा

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

तोकिएको दस्तुर तिरी (विद्यार्थीलाई थप दायित्व पार्न पाइने छैन) अनुमति लिएर मात्र Office Attachment मा राखिनेछ। सो प्रयोजनका लागि अध्यापन गराउने संस्थाले प्रति विद्यार्थी प्रति महिना रु. एक हजारको दरले शुल्क बुझाउनु पर्नेछ। उक्त शुल्कको ४०% सम्बन्धित इकाई/कार्यालयको व्यवस्थापन/सौन्दर्यीकरणमा उपयोग गर्न दिन सकिनेछ।

**प्रस्ताव नं ६: बालमैत्री स्थानीय शासन सम्बन्धी कार्य सम्बन्धमा।**

**निर्णय नं ६:** बाल श्रम मुक्त तथा बालमैत्री शासन प्रवर्द्धनका लागि संघीय सहयोग प्राप्त गर्न तथा कार्यक्रम संचालनका लागि न्यूनतम रूपमा Base Line Survey गरी यथार्थ अवस्थाको तथ्याङ्क जरुरी भएको सन्दर्भमा बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स सँग समझदारी/साझेदारी गरी असोज २५ गतेभित्र प्रतिवेदन प्राप्त हुने गरी सम्झौता गरी यथार्थ अवस्थिति पत्र तयार गर्ने।

**प्रस्ताव नं ७: सम्पति विवरण पठाउने सम्बन्धमा।**

**निर्णय नं ७:** सार्वजनिक ओहोदामा रहदाका बखत अनिवार्य रूपमा भर्नु पर्ने सम्पति विवरण सबै जनप्रतिनिधिले भाद्र १५ गते भित्र भरि कार्यालयमा अनिवार्य रूपमा पेश गर्ने, सो का लागि सबै कार्यपालिका सदस्यले सहजीकरण गर्ने।

**प्रस्ताव नं ८: अख्तियारको ४६ बुँदे निर्देशन र सोको प्रतिवेदन सम्बन्धमा।**

**निर्णय नं ८:** सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ४६ बुँदे निर्देशनको प्रगति सम्बन्धी स्थानीय तह सँग सरोकारी विषयहरुमा जानकारी प्राप्त गर्दै उक्त विषयहरूमा हाम्रो पालिकामा भए/गरेको व्यवस्था , सुधार, सुधार गर्न बाकी विषयहरु उल्लेख गरी तोकिए अनुरूपको ढाँचामा प्रतिवेदन शीघ्र पठाउने व्यवस्था नगरपालिकाबाट मिलाउने।

**निर्णय नं ९: विविध**

१. स्वास्थ्य स्वयंसेविका प्रभावकारी परिचालनका सम्बन्धमा कार्यविधि खाका आगामी कार्यपालिका बैठकमा पेश गर्न नगरपालिका लागि जिम्मा दिने।

२. रासायनिक मल व्यवस्थापन सम्बन्धी गुनासो, चासोहरूको पालिका स्तरीय व्यवस्थापन समितिले सहजीकरण र सहकार्य गर्ने।

३. वडा नं १० जनकपुरमा निर्माण हुने एग्रीवस्तु कोल्ड स्टोरेज प्रा.लिको प्रारम्भिक वातावरणीय परीक्षणको लागि प्रकृति कन्सल्ट प्रा. लि बानेश्वर मार्फत TOR (कार्यसूची) स्वीकृतिका लागि पेश भएकोमा अध्ययनका सिलसिलामा समुदाय/वडा सँग पनि समन्वय गर्ने र प्रतिवेदन माथि कार्यपालिकामा पेश गरी स्वीकृत भएपछि कार्यान्वयन गर्ने गरी कार्यसूची स्वीकृत गर्ने।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख